यशोधरा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८१/८२
चलानी नम्बर :- १४८३

मिति : २०८१।१०।१३

---

श्री कपिलवस्तु कम्प्युटर एण्ड टेक्निकल ट्रेनिङ्ग इस्टिच्युट, यशोधरा, ७ कपिलवस्तु ।

श्री बुद्ध टेक्निकल इस्टिच्युट, कपिलवस्तु नगरपालिका-१ कपिलवस्तु ।

श्री गुरुकुल एकेडेमी, महाराजगंज, कपिलवस्तु ।

विषय : प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा आर्थिक बर्ष ०८१।०८२ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत चालु तर्फ डिजिटल संचालनका लागि विनियोजित बजेट बमोजिम प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्न खरिद समितिको मिति २०८१।१०।१३ गते बसेको बैठकको निर्णय भएकोले यसै पत्र साथ संलग्न कार्यविवरण(TOR) अनुसार पत्र प्राप्त भएको मितिले ७ दिन भित्र प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

२०८१/१०/१३

(ऋषभ देव खनाल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

१

यशोधरा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

डिजिटल साक्षरता कार्यक्रम अभिमुखिकरण

कार्यशर्त (ToR) तथा कार्यविवरण

यशोधरा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दोहनी, कपिलवस्तु लुम्बिनी प्रदेश, नेपाल

## १. पृष्ठभूमि

साक्षरता वास्तवमा भन्ने हो भने मानव जीवनमा एक अभिन्न अंग बनिसकेको छ । कुनै पनि विषय वस्तुलाई मनन गर्न सक्नु, अनुभव गर्न सक्नु र ग्रहण गर्न सक्नुलाई साक्षरता सँग जोड्न सकिन्छ । आजको २१ औं शताब्दीमा आएर प्रविधिको बढ्दो प्रयोग सँगै मानिसहरु ननिस्किने गरी यसको लतमा परेको देखिन्छ ।हरेक मानिस प्रविधि सँग परिचित हुन चाहान्छ र यसको प्रयोगबाट फाइदा लिन चाहान्छ । प्रविधि सँग परिचित हुनु डिजिटल साक्षरताको रुपमा लिन सकिन्छ । यसबाट नयाँ युगको खोजी गर्ने डिजिटल युग र इन्टरनेटको साथसाथै सुचनाहरु खाज्ने शैली द्रुत गतीमा भइरहेको यान्त्रिक परिवर्तनको एक नमूना हो । रोबर्टले मान्छे जस्तै बोल्छ रे , मेशिनको प्रयोगद्धारा काम गर्न सजिलो हुन्छ रे भन्ने एकादेशका कथाहरु जस्ता लाग्ने आज हाम्रै छोराछोरीहरु ले निर्माण गरिरहेका छन्, हाम्रै गाँउ ठाँउमा विकास निर्माणमा प्रयोग भइरहेका छन् । विश्वको एक कुनामा बस्ने मानिसले संसारको सुचना एक dickमा पाँउछ यो परिवर्तन हामीले सोचेको जसरी नभई युग–युगको परिश्रम र मेहनतले बनेको छ । तसर्थ आज हामीलाई प्राप्त भएको उपलब्धीलाई संस्थागत गर्दै भावी दिनमा उपयोगी हुने गरी ग्रहण गर्न जरुरी छ । उसो भए डिजिटल साक्षरता भनेको के हो त ? भन्ने विषयमा सबैको मतऐक्यता नभएपनि विशेष गरेर यसलाई जानकारी र सञ्चार प्रविधिहरु पत्ता लगाउन, मुल्याङ्कन गर्न, सिर्जना गर्न दुबै संज्ञानात्मक र प्राविधिक सीपहरुको अधिकतम प्रयोग गर्नुलाई जनाउँछ ।

डिजिटल प्लेटफर्मको प्रयोग र लोकप्रियता जब शैक्षिक क्षेत्रमा दुई दशक पहिलेबाट भयो , त्यसबेला देखि नै कामलाइ सरल र समयमा सम्पन्न गर्न सहजता भएबाट बढेको देखिन्छ । घरमा टेलिभिजन सेटबाट सञ्चार र मनोरन्जन लिन सक्नु लाई एउटा सफलताको रुपमा लिन सकिन्छ । त्यस्तै नोकिया फोन पनि एउटा कोशे ढुङ्गाको रुपमा लिइन्थ्यो । जुन डिजिटल साक्षरताको शैशवकाल नै थियो । आज आएर स्क्रिन टच मोबाइल, घरयासी प्रयोजनका लागि अत्याधुनिक मेशिनहरुको प्रयोग हुनु निकै ठुलो फड्को हो । शिक्षण सिकाइमा नानीबाबुहरुले उन्नत स्मार्ट फोन, ट्याब्लेट, किन्डाहरु प्रत्येक घरमा प्रयोग भइरहेको छ जसले गर्दा सिकाइमा सहजता र गुणस्तरमा उपयोगी भइरहेको छ । डिजिटल साक्षरता पछि प्रिन्ट साक्षरता अपर्याप्तता भएको महशुस हुन्छ । प्राथमिकताहरु परिवर्तन भएका छन्, सामाजिक र आर्थिक रुपान्तरणमा डिजिटलाइजेशन एक वरदान भएको छ । आजका स्कुले बच्चाहरु बहुडिजिटल प्रविधिहरुको प्रयोग गर्न रुचाउछन् जस्तै शब्दकोश यसको डिजिटल पक्षलाई उपलब्धताका आधारमा बढी रुचाउछन् जब जानकारीमा दुबै उत्तिकै प्रभावकारी रहन्छन् ।यसबाट सहजै मुल्याङ्कन गर्न सकिन्छ की समय सँगै डिजिटल साक्षरता स्कुल, कलेज तथा महाविद्यालयहरुमा अति नै आवश्यक विषय बनिसकेको छ ।

डिजिटल दलदलको कारण शब्दको पहुँचको स्थान परिवर्तन गर्ने तरिकाको केटाकेटीहरुको सामान्य शिक्षाको प्राथमिकतामा पनि सत्य हुन सक्छ । सबै क्षेत्रमा जस्तैः स्कुलहरु, हस्पिटल, सरकारी

प्रमुख प्रशासकीय अधिकृत

कार्यालयहरु, अभिभावकहरु र बच्चा आफैंमा पनि डिजिटल साक्षरता प्रयोग गर्दा निकै फाइदा हुनेछ । साक्षरताका सीपहरु, जुन केवल जानकारी प्राप्त गर्न मात्र सीमित छैन । विशेष गरी विद्यालयहरु र शिक्षकहरुले यो निश्चित गर्नु आवश्यक छ कि विद्यार्थीहरु विभिन्न डिजिटल प्लेटफर्महरुबाट सूचनाको निष्क्रिय उपभोक्ता मात्र नभई डिजिटल समाग्री सिर्जना गर्ने , जानकारीको प्रामाणिकताको मूल्याङ्कन गर्ने र जाँच गर्ने साथसाथ कुराकानी गर्न र जानकारी साझा गर्न सिक्ने जस्ता सीपहरु पनि सिक्छन् ।

यसरी हेर्दा डिजिटल साक्षरता आजको बदलिदो समयको नरोकिने आवश्यक्ता बनिसकेको छ । यसलाई बहुउपयोगी ढंगले प्रयोग गर्न सक्नु पर्दछ । यसै उद्देश्यले यशोधरा गाउँपालिकाले आर्थिक बर्ष ०८०।८१ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत डिजिटल साक्षरता कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छ ।

## २. उद्देश्य

डिजिटल साक्षरताबाट व्यक्तिले विभिन्न डिजिटल कार्यस्थलमा त्यसको प्रयोग गरी आफ्नो आवश्यकता पुरा गर्ने सक्ने क्षमता वृद्धि गर्ने। प्रविधिको प्रयोगबाट (विशेष गरी कम्प्युटर वा मोबाइलबाट) तस्विरहरु, भिडियो, टाइपिङ्ग, अडियो आदि प्राविधिक जानकारहरुलाई प्रसोधन गरेर उत्पादन गर्न सक्ने ।

## ३. कार्य क्षेत्र र सम्पादन गर्नुपर्ने कामहरु

परामर्शदाताले देहाय अनुसार उल्लेख गरिएका कार्यहरु सम्पादन गर्नु पर्ने हो ।

- यस पालिका अन्तरगतका ३ वटा माध्यमिक विद्यालयहरुमा कक्षा ९ र १० तथा २ माध्यमिक विद्यालयका कक्षा ९ देखि १२ सम्म अध्ययनरत विद्यार्थीहरुलाई डिजिटल साक्षरता अभिमुखिकरण कार्यक्रममा सहभागी गराउने ।
- प्रत्येक विद्यालयमा २ दिने डिजिटल साक्षरता कार्यक्रम अभिमुखिकरण कार्यक्रम संचालन गर्ने गरी जम्मा १० दिन कार्यक्रम संचालन गर्ने ।
- सम्बन्धित विद्यालयका प्र.अ. सँग समन्वय गरी कार्यक्रम संचालन गर्नु पर्ने ।
- परामर्शदाताले आनिवार्य रुपमा कार्यक्रम अभिमुखिकरणका लागि सूचना प्रविधि क्षेत्रमा स्नातक उत्तर्णि गरेको प्रशिक्षकबाट प्रशिक्षण गराउनु पर्ने ।
- विद्यालयमा अध्ययरत विद्यार्थीहरु कार्यक्रम सहभागी गराउदा खाजा/नास्ताको व्यवस्था सम्बन्धित परामर्शद्राताले गर्नुपर्ने ।

## ४. कामको विवरण

### ४.१. डिजिटल साक्षरता कार्यक्रममा देहाय अनुसार Contents बमोजिम अभिमुखिकरण गर्नु पर्ने छ ।

**A. What is digital literacy?**

- i. ICT, IT skills, Digital literacy skills and competencies
- ii. Connectivism and digital literacy skills
- iii. How digital literacy can inform pedagogy and practice
- iv. The future of learning
- v. Digital literacy in practice

**B. Understanding the Essential Elements of Digital Literacy**

- i. Elements of digital literacy 1
- ii. Elements of digital literacy 2
- iii. Identifying and overcoming problems

प्रमुख प्रशासकीय अधिकृत

iv. Mapping ICT to literacies

**C. Mapping and Sharing Resource**

i. Knowledge sharing
ii. Buddying, mentoring and coaching
iii. Social media and professional development
iv. Working with buddies
v. Building a bank of resources
vi. Choosing platforms
vii. Developing and collecting resources
viii. Exploring resource collections
ix. Concept of community of practice (CoP)
x. Difference between CoP and PLN
xi. Value of community of practice
xii. Cultivating a PLN
xiii. PLN platforms
xiv. Developing a community of practice (CoP)
xv. Creating an action plan

**D. Digital Literacy, Pedagogy and Learning**

i. Exploring learner voice and engagement
ii. Promoting learner voice in the classroom
iii. SWOT analysis
iv. Learner voice and digital literacy
v. Levels of learner participation
vi. Understanding engagement
vii. Benefits of home-school-community links
viii. Digital literacy at home and beyond
ix. Parent guides to technologies

**E. Enhancing Pedagogical and Academic Competencies**

i. Using technology to enhance challenging activities
ii. Using technology to redesign activities

**F. Presentation of Learning Experiences and Sharing Feedback & Project Work**

i. Researching new technologies
ii. Choosing technology and element of digital literacy
iii. Project work
iv. Setting up shared online space for project work
v. Outlining and drafting project works
vi. Working on projects
vii. Sharing and receiving feedback

## ५. प्रतिवेदन तथा संयोजन

यस कार्यालयबाट उपलब्ध गराइएको course contents अनुसार तोकिएको विद्यालयमा लक्षित विद्यार्थीहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन पश्चात कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने छ ।

## ६. हस्तान्तरणका आवश्यकताहरु/पेश गर्नु पर्ने

परामर्शदाताले हस्तान्तरण गर्नुपर्ने:

प्रमुख प्रशासकीय अधिकृत

- "बुंदा (५) अनुसार को प्रतिवेदन हस्तान्तरण गर्नु पर्ने छ ।
- यस कार्यालयबाट तोकिएको कार्य विवरण अनुसार कार्य संचालन रहेको वा नरहेको विषयमा आवश्यक जाँचबुझ गर्ने ।

७. परामर्शदाता फर्मको योग्यता

यशोधरा गाउँपालिकाले डिजिटल साक्षरता कार्यक्रम संचालन गर्दा देहाय अनुसार न्यूनतम योग्यता निम्न अनुसार हुनुपर्नेछ ।

- नियमानुसार दर्ता र नवीकरण भएको।
- आ.ब. २०८०।८१ सम्मको कर चुक्ता गरेको र चुक्ता प्रमाणपत्र भएको ।
- सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव प्राप्त जनशक्ति भएको विवरण ।
- संस्थाको प्रोफाइल र प्रस्तावना तथा सम्बन्धि क्षेत्रको कार्य अनुभव सँग सम्बन्धि कागजात ।

८. परामर्शदाता वा फर्मले पेश गर्नुपर्ने कागजात

परामर्शदाता वा फर्मले निमानुसर कागजातहरु पेश गर्नुपर्नेछ:

- फर्म दर्ता नवीकरण प्रमाणपत्रका प्रतिलिपी ।
- मुल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्रतिलिपी ।
- आ.ब. २०८०।८१ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- कार्यसम्पादन गर्ने तरिका, कार्यक्षेत्रगत शर्त प्रतिको प्रभावग्राहिता, समय तालिका र संस्थाको कार्यानुभव र संस्थाको जनशक्तिको योग्यता एवं अनुभवको विवरण र काम गर्ने जनशक्तिको वायोडाटा ।
- संस्थाको बिस्तृत प्रोफाइल।
- आर्थिक प्रस्ताव ।

९. खरिद विधि, प्रस्ताव छनौट र सम्झौता

खरिद विधि, प्रस्ताव छनौट र सम्झौता यस प्रकारको रहनेछ:

- सार्बजनिक खरिद ऐन र नियमावली अनुसार सूचिकृत फर्महरूबाट सोझै प्रस्ताव माग गरी खरिद गर्ने,
- पेश भएका प्रस्तावहरु मध्ये न्यूनतम योग्यता पुगेका फर्मबाट पेश भएका आर्थिक प्रस्तावमा सबैभन्दा न्यूनतम रकम प्रस्ताव गर्ने फर्मसंग सोझै खरिद सम्झौता गरी खरिद गर्ने ।

१०. कार्य व्यवस्था

छनौटमा परेको फर्मलाई कार्य सर्त (ToR) निम्न कार्यहरु गर्नु पर्नेछ :

- छनौट भएको फर्मले समग्र परियोजना, कार्यक्रम क्षेत्रहरूको र अपेक्षाहरू बुझ्न एक संक्षिप्त प्रस्तुतीकरण (debriefing) सत्रमा भाग लिने,
- कम्पनीले प्रतिक्रिया र टिप्पणीहरूको आधारमा अवधारणाहरू समायोजन गर्ने ।
- यशोधरा गाउँपालिका कार्यालयद्वारा अन्तिम स्वीकृति गर्ने।

प्रमुख प्रशासकीय अधिकृत

यस ToR मा उल्लेखित सबै गतिविधिहरू परामर्शदाता फर्मको उत्तरदायित्व हुनेछ। यस ToR मा उल्लेख गरिएका गतिविधिहरू गर्नका लागि आवश्यक सबै प्रकारका रकम र क्षेत्र भ्रमणहरू परामर्शदाता फर्म स्वयं जिम्मेवार हुनेछ।

११. **समयसिमा**

सम्झौता गरेको ३० दिन भित्र सम्बन्धित निकायमा आवश्यक काम गरिसक्नु पर्नेछ।

१२. **भुक्तानी प्रक्रिया**

परामर्शदाताले कार्य सम्पन्न प्रतिवेदन पेश गरे पश्चात जारी गरिएको कर-बिजक अनुसार एकमुष्ट भुक्तानी गरिनेछ ।

१३. **निष्कर्ष**

उल्लेखित कार्यशर्तको अधिनमा रही छनौट भएको फर्मबाट गाउँपालिकाको कार्यालयको समन्वय गरी संचालन गर्नु पर्ने छ ।

**थप जानकारीको लागि सम्पर्क**

श्री यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
सूचना प्रविधि शाखा, बैदौली, कपिलवस्तु ।

तयार गर्ने

स्वीकृत गर्ने
प्रमुख प्रशासकीय अधिकृत